## डायस्पोरामा नेपाली भाषाको संरक्षण र संवर्द्धनका उपायहरू

**नेपाली भाषाको संरक्षण र संवर्द्धनका उपायहरू**
आज हाम्रो काँधमा आफ्नो समुदायको, आफ्नो भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने र हाम्रा भाविसन्ततिलाई हस्तान्तरण गर्ने ठूलो दायित्व आएको छ, जसलाई म एउटा सौभग्य पनि ठान्दछु । किनकि यदि हामी सबैले आज मैलेपनि मेरो समाजको लागि, मेरोमातृभाषाको लागि केही गर्ने मौका पाएको छु भनेर सोच्न सक्यौँ भने, मेरो पनि यसका लागि केही जिम्मेवारी छ भनेर आफ्नो कर्तव्यबोध गर्न सक्यौँ र आ–आफ्नो तर्फबाट जेजति सहयोग वा योगदान दिन सकिन्छ त्यसको लागि अघि बढ्न सक्यौँ भने हामी अवश्यपनि सफल हुनेछौँ । किनकि मेरो विचारमा अझैपनि धेरै सुधार र विकासका सम्भावना वा विकल्पहरू छन् यी मध्ये कतिपय कार्यहरू व्यक्तिगत वा पारिवारिक रूपमा गर्न आवश्यक छ भने कतिपय कार्यहरू सामुहिक वा सांगठनिक रूपमा गर्न आवश्यक छन्।

**१. घरघरमा नेपाली वातावरण**
यक्तिगत रूपमा एकातिर हामी आ–आफ्नो घरमा बोलचालको भाषा नेपाली बनाउन सक्छौँ भने अर्कातिर वृद्ध बुबाआमा भएको घरमा (प्रायः सबैका घरमा छन्) 'पहिलो र चौथो वर्गको समय वा हजुरबा र नातिको समय' भनेर कमसेकम हप्ताको एकदिन भए पनि गाउँखाने कथा, लोककथा, भूटानका कथा, सरकारले गरेका अत्याचारका कथा आदि भन्न लगाउने र सुन्ने लगाउने गर्न सकन्छि । अँगेनाका वरिपरि बसेर गाउँ खाने कथा भन्ने, लोक कथा भन्ने पनि एउटा नेपाली परम्परा नै हो र यहाँ त्यस्तै अँगेनो नभए पनि फायर प्लेस त प्रायः सबैका घरमा हुन्छन् । यसो गर्दा एकातिर घरमा नेपाली वातावरण बन्दछ र ससाना नानीबाबुहरूलाई नेपाली सिक्न सजिलो हुन्छ भने अर्कातिर हाम्रा आमाबुबाहरूलाई एकछिन भए पनि भुलिने वा मनको बह पोख्ने माध्यम हुन्छ । यसरी नै समय समयमा सबै परिवार बसेर नेपाली भिडियोहरू, टेलिभिजन वा अनलाइन कार्यव्रmमहरू, टेलिश्रृङ्खला वा चलचित्रहरू हेर्ने गर्न पनि सकिन्छ ।

**२. अभिभावक जागरण**
व्यक्तिगतरूपमा मात्र कार्य गरेर हामो भाषा र साहित्यको विकास हुँदैन, हामीले सामूहिक वा सांगठनिक रूपमा पनि धेरै काम गर्न आवश्यक छ । सामूहिक रूपमा गर्नुपर्ने पहिलो काम हो 'अभिभावक जागरण' । किनकि आज हामीमध्ये कतिपय अभिभावकज्यूहरूबाट ''अमेरिकामा आएर पनि नेपाली पढाउने ?'' ''किन पढाउनु पर्‍यो नेपाली नानीहरूलाई अमेरिकामा ?'' भन्ने गरेको पनि सुनिन्छ । त्यस्तै हामीमध्ये कतिपय अभिभावकहरू आफ्नो नानीले अंग्रेजी जानेकोमा भन्दा नेपाली नजानेकोमा गर्व गर्छन् अनि आफ्ना आफन्त वा छरछिमेकलाई गर्वसँग "मेरो नानीले त नेपाली नै बोल्दैन" भनेर सुनाउँछन् । मैले यहाँ अमेरिका शब्द प्रयोग गरेँ, तर यस्ता विचार अमेरिकाका मात्र नहोलान्, अरुतिर पनि सुन्न पाइन्छ होला । उहाँहरूको विचार पनि एक प्रकारले ठिकै हो किनकि नेपाली भाषा नजान्दैमा, नेपाली संस्कृति र संस्कारको ज्ञान नहुँदैमा तपाईं–हाम्रा नानीबाबुहरू डाक्टर, इन्जिनियर हुनबाट, अथवा भनौँ देशको उच्च ओहदामा पुग्नबाट कदापि बञ्चित हुँदैनन् । यति मात्र हो; उनीहरूलाई आफ्नो पृष्ठभूमि के हो थाहा हुँदैन, आफ्नो परिचय के हो थाहा हुँदैन अनि आफ्नो संस्कार र संस्कृतिबाट अनभिज्ञ रहन्छन् । जब आफ्नै साथीभाइले तँलाई आफ्नो भाषा के हो थाहा छैन ? तेरो संस्कृति के हो थाहा छैन ? भनेर खिल्ली उडाउन थाल्छन् तब यदि उसमा अलिकति पनि आफ्नोपन बाँकी रहेछ भने, आफ्नो अस्तित्वको बोध रहेछ भने उसले तपाईं–हामीलाई नै धिक्कार्नेछ । अनि नेपाली भाषा यति मीठो रहेछ, नेपाली साहित्य र संस्कृति यति विशाल रहेछन्, तर मलाई बेलैमा किन सिकाउनुभएन भनेर प्रश्न गर्दा हामीसँग कुनै उत्तर हुँनेछैन ।

**३. युवा जागरण तथा संलग्नता**
यसरी नै हाम्रा नवयुवाहरूमा पनि नेपाली भाषा प्रति अरुचि बढ्दै गएको देखिन्छ र यदि हामीले यो वर्गलाई जगाउन सकेनौँ र भाषा, साहित्य र संस्कृतिको संरक्षण अनि संवर्द्धन गर्ने जिम्मेवारीको बोध गराउन सकेनौँ भने हामीले जति हातखुट्टा बजारे पनि असफल नै हुनेछौँ किनकि हाम्रो समाज बिस्तारै यसै वर्गको नेतृत्वमा जान लागेको छ । त्यसैले यस वर्गलाई आफ्नो भाषा, साहित्य र संस्कृतिको मूल्यबोध गराउँदै यसको संरक्षण र संवर्द्धनमा सक्रिय संलग्नता गराउनु अत्यन्त जरुरी छ । प्रारम्भिक रूपमा भाषाकक्षाहरूमा स्वयंसेवकका रूपमा संलग्न गराउन सकिन्छ र यदि त्यसको लागि उनीहरूलाई हाईस्कूलका लागि चाहिने 'भोलेन्टर क्रेडिट' पनि दिलाउने व्यवस्था गर्न सकियो भने यो कार्य धेरै प्रभावकारी हुनसक्छ ।

**४. प्रतियोगिताको आयोजन**
यसका अतिरिक्त नेपाली लोक गीत वा लोक नृत्य एवं कथा, कविता, निबन्ध, भाषण, वादविवाद आदि प्रतियोगिताहरूको आयोजना गरेर पनि युवाहरूमा भाषा–साहित्य प्रति रुचि जगाउन सकिन्छ ।

**५. नेपाली भाषाकक्षा संचालन**
अमेरिकाका विभिन्न स्टेटलगायत विश्वका विभिन्न मुलुकहरूमा केही मात्रामा नेपाली कक्षाहरू संचालन भइरहेका भए तापनि ती पर्याप्त छैनन् । यसलाई अझ व्यापक, सरल, सरस र प्रभावकारी बनाउँदै निरन्तरता दिनु आवश्यक छ ।

**६. शिक्षणसामग्रीको विकास**
नेपाली भाषा कक्षामा विद्यार्थीहरू आकर्षित नहुनुको एउटा प्रमुख कारण हो समसामयिक पाठ्यपुस्तक र पाठ्यसामग्रीको अभाव । त्यसैले हामीले समसामयिक पाठ्यव्रmम निर्माण, पाठ्यपुस्तक लेखन तथा प्रकाशन र बाल गीत, बाल कथा, कार्टून चित्र, कमिक्स, आदि जस्ता श्रव्य–दृश्य पाठ्यसामग्रीको विकास गर्नु पनि अत्यन्त जरुरी छ ।

**७. शिक्षक तालिम**
हामीसँग तालिम प्राप्त शिक्षक–शिक्षिकाहरूको सङ्ख्या न्यून छ । उपलब्ध स्वयंसेवक शिक्षक– शिक्षिकाहरू सबै शैक्षिक पृष्ठभूमिबाट नआएकापनि हुनसक्छन् । त्यसैले हामीले त्यस्ता शिक्षकशिक्षिकाहरूलाई सहयोग गर्न विशेषगरी भाषाकक्षाहरू संचालन भइरहेका स्थानहरूमा समयसमयमा शिक्षक तालिमको आयोजना गर्नु पर्दछ।

यसरीनै सम्बन्धित पाठ्यपुस्तकको शिक्षक निर्देशिका बनाएर प्रत्येक शिक्षकको हातमा पुर्‍याउन सकियो भने शिक्षण अझ प्रभावकारी हुन्छ । यसका लागि एउटा मानक पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरियो भने अझ सजिलो हुन्छ ।

**८. दूरशिक्षा/अनलाइन क्लास** यसरी केही स्थानमा भाषाकक्षाहरू संचालान भइरहेका भएपनि व्यापक अनि सर्वसुलभ रूपमा संञ्चालन गर्न अझै सकिएको छैन। संचालन भइरहेका कक्षाहरूमा पनि कतिपय अभिभावकहरू चाहँदा चाँहदैपनि आफ्ना नानीहरूलाई लान नसकेको अवस्था पनि छ । त्यसैले आजको यस कम्प्यूर–युगका सुविधाहरूलाई प्रयोग गरी विभिन्न अनलाइन कक्षाहरूर, रेडियो, टेलिभिजन लगायत अन्य विविध विधिहरूको प्रयोग गरेर विभिन्न भाषासाहित्य र संस्कृतिसम्बन्धी कार्यक्रमहरुको आयोजना गर्न पनि आवश्यक देखिएको छ । यसैकुरालाई ध्यानमा राखेरनै मैले 'हाम्रो पाठशाला' को स्थापना गरेको हो ।

**९. सहकार्य**
नेपाली संस्कृति विभिन्न जाति, धर्म र सम्प्रदायहरू मिलेर बनेको एउटा सुन्दर बगैँचा झैं छ । नेपाली भाषा, साहित्य, संस्कृति, संगीतरकलाको विकासमा सबै जातिका साहित्यकार र कलाकारहरूको उत्तिकै योगदान छ र यी सबै जातजाती, धर्म र सम्प्रदायलाई एकसूत्रमा बाँध्ने काम यदि कसैले गरेको छ भने त्यो होने पाली भाषा ! त्यसैले व्यक्तिगत रूपमा हाम्रा आ–आफ्नै मान्यता र विश्वास भएता पनि भाषा, साहित्य र संस्कृतिको संरक्षण र संवद्र्धनमा भने हामीले सहकार्य गर्नै पर्दछ । किनकि यदि भाषा र संस्कृतिनै रहेन भने हामी, हामीनै रहँदैनौँ ! त्यसैले हामीले धर्म र संस्कृतिको भिन्नतालाई बुझेर एक भएर अघि बढ्नु नितान्त आवश्यक छ । यसकासाथै टेक्नोलोजी/कम्प्यूटरका विज्ञहरूसँग पनि सहकार्य गर्नु जरुरी छ ।

**१०. नेपाली भाषालाई मान्यता प्रदान**
हाम्रो भाषा संरक्षण अभियान अन्तर्गतको पहिलो स्तरको अन्दोलन अभिभावक जागरण, घरघरमा नेपाली भाषाको वातावरण र स्थानीय स्तरमा धेरैभन्दा धेरै भाषा कक्षाहरूको संचालन गर्ने हुनु पर्दछ भने दोस्रोस्तरको आन्दोलन भने स्थानीय वा राज्यस्तरका विद्यालय एवं महाविद्यालयहरूमा नेपाली भाषालाई पनि स्पेनिस, जर्मन, चाइनीज आदि भाषाहरूलाई जस्तै मान्यता प्रदान गराई विद्यार्थीहरूले आफ्नै भाषा पढेर क्रेडिट प्राप्त गर्न सक्ने सुविधा प्रदान गर्ने हुनु पर्दछ । त्यसैले यसका लागि पनि हामी सब एक भएर विभिन्नस्तरबाट लाग्नु पर्ने हुन्छ ।

**११. उच्च शिक्षाको परिकल्पना**

यसरी नेपाली भाषालाई विद्यालय एवं महाविद्यालयस्तरमा पु¥याउन सकियो भने भोलिका दिनहरूमा नेपाली भाषा र साहित्यको उच्च शिक्षाको रूपमा अध्ययन गर्न चाहने विद्यार्थी पनि अवश्य हुनेछन् । त्यसैले त्यस्ता विद्यार्थीहरूको आवश्यकता कसरी पूरा गर्ने भन्ने विषयमा पनि हाम्रो ध्यानाकर्षण हुनु जरुरी छ । यो अहिलेको लागि प्राथमिक विषय नभए पनि यसका सम्मन्धमा पनि खोज÷अनुन्धान आरम्भ गर्नुपर्ने हुन्छ । किनकि यो स्तरमा पुगेपछि हामीलाई तालिम प्राप्त दक्ष शिक्षक–शिक्षिकाहरूको पनि ठूलो आवश्यकता पर्नेछ ।

**१२. कन्द्रीय नेपाली शिक्षा समितिको आवश्यकता**
यी माथि उल्लेख गरिएका विभिन्न कार्य क्रमहरूलाई योजना गर्न र कार्यान्वय गर्न अनि डायस्पोराको नेपाली भाषा शिक्षणमा एकरुपता ल्याउन पनि एउटा केन्द्रीय नेपाली शिक्षा समितिको अत्यन्त आश्यकता देखिएको छ । र मेरो विचारमा यस समितिको गठन व्यक्तिगतरूपमा केही विद्वान् वा बुद्धिजीवीहरू भेला भएर गर्नुभन्दा एउटा कानूनीरूपमा मान्यता प्राप्त गरेको संस्थाको अधीनमा गर्नु राम्रो हुन्छ ।

**उपसंहार**
आउनुहोस् हामी सबै मिलेर हाम्रो भाषा, साहित्य, संस्कृति र संस्कारको संरक्षरण र संवद्र्धनमा एकजुट भएर लागौँ । फलानो व्यक्ति वा संस्थाले के गर्यो के गरेन भने र लेखाजोखा गर्नमा समय व्यतित गर्नु भन्दा मैले के कति सहयोग गरेँ भनेर आफूलाई प्रश्न गर्नु उचित हुन्छ र आफ्नोतर्फबाट जेजति सहयोग गर्न सकिन्छ गर्ने प्रयास गर्नु पर्दछ । यहीभाषा, साहित्य र धर्म–संस्कृतिको रक्षा गर्न भन्दै हामी देश छोडेर हिँड्यौँ अनि लामो समयसम्म अभाव र अपमानको सामना पनि गर्यौं । आज भाग्यले भनौँ वा दुर्भाग्यले भनौँ सम्पूर्ण भौतिक सुविधाहरूले सम्पन्न मुलुकहरूमा बसोबास गर्नआइपुगेकाछौँ । यदि हामीले चाह्यौँ र एक भएर अघि बढ्न सक्यौँ भने यहाँ सम्पूर्ण साधन र स्रोतहरू जुटाउन सक्छौँ । वास्तवमा भन्ने हो भने हामीसँग यहाँ मनबाहेक अरु सबै कुरा छन् । त्यो मन पनि यदि बेलाबेला ‘म को हूँ ? मेरो अस्तित्व के हो ? मैले वा मेरा आमाबुबाले भूटान किन छाडेको हो ? के अब हामी यत्तिकै बिलिन हुन लागेका हौँ त ? यदि हामीलाई हराएरै जानु थियो भने हामीले किन भूटान छाड्यौँ होला ? के यदि हामीले भूटान सरकारले नेपाली पुस्तक डढाउँदा साथ दिएको भए, उसले भने जस्तै भाषा बोलिदिएको भए अनि संस्कार–संस्कृति मानिदिएको भएपनि हामीले हाम्रा ती सम्पूर्ण श्रीसम्पत्ति छाडेर हिड्नु पर्ने थियो होला त ?’ भनेर प्रश्न गर्ने गर्यौं भने अवश्यपनि जुटाउन सकिन्छ ! र, यो काम हामीले नै गर्नुपर्छ । यदि हामीले नै गर्न सकेनौँ भने हामी पछिको पिँढीले त पक्कै पनि गर्ने छैन किन कि त्यो पीडा, त्यो कथा अनि त्यो व्यथा त हामीले नै बोकेका छौँ ।